"प्राकृतिक सम्पदा युक्त हराभरा शहर, सम्पूर्ण नगरवासीको एउटै रहर"

# परशुराम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

प. सं. २०८२।०८३
च. नं.

जोगबुडा, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

च. नं ९२

मितिः २०८२।०५।१०

## विषय- रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री सम्बन्धित सबै ।

प्रस्तुत विषयमा यस परशुराम नगरपालिका अन्तर्गत रहेको श्री भगवती प्राथमिक विद्यालय परशुराम नगरपालिका, वडा नं १ कोलखान, डडेल्धुराको च. नं. ०८ मिति २०८२।०५।१० गतेको पत्र तथा पत्र साथ संलग्न वि. व्य. स. को मिति २०८२।०५।१० गतेको निर्णय एवं शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुरको च नं १८ मिति २०८२।४।२६ गतेको पत्र साथै शिक्षा विकास तथा समन्वय ईकाइ, डडेल्धुराको च. नं. १०४ मिति २०८२।०५।०५ गतेको पत्र प्राप्त भई पत्रको व्यहोरा अवगत गरी उक्त विद्यालयमा रिक्त रहेको प्राथमिक तह, तृतीय श्रेणीको स्वीकृत दरबन्दीमा स्थायी शिक्षक सरुवाको प्रकृया अगाडी बढाईदिन भनी विद्यालयबाट अनुरोध भै आएकोले सम्बन्धित तहका योग्यता पुगेका शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र प्रचलित शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह एवं शिक्षा विकास तथा समन्वय ईकाईको सरुवा सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन पेश गर्न शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

पुनश्चः
१ तोकिएको म्याद भित्र विद्यालयमा वा प्र अ को Whats App No. 9848796377 मार्फत समेत निवेदन पेश गर्न सकिनेछ ।
२ म्याद नाघी आएका वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथी कुनै कारवाही हुने छैन साथै थप जानकारीका लागि विद्यालयका प्रधानाध्यापक श्री पठान सिंह धामी 9848796377 मा सम्पर्क गर्न सकिनेछ ।

२०८२।०५।१०

तेज बहादुर सिंह
नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री शिक्षा विकास तथा समन्वय ईकाइ डडेल्धुराः सूचना वेवसाईट मार्फत सम्प्रेषण गरिदिनु हुन ।
श्री भगवती प्राथमिक विद्यालय परशुराम नगरपालिका, वडा नं १ कोलखान, डडेल्धुराः शिक्षक सरुवा सम्बन्धी निर्देशिका २०८१ को आगामी प्रकृया नियमानुसार गर्नुहुन ।
श्री सूचना तथा संचार प्रविधि शाखा, परशुराम न. पा. डडेल्धुराः नगरपालिकाको website मा सूचना अपलोड गरिदिनु हुन ।

फोनः ०९६४११००४, फ्याक्सः ०९६४११००४
ईमेलःparshurammun@gmail.com, वेबसाईटःhttp://www.parshurammun.gov.np

CamScanner